STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत १७ गते बिहीबार ❑ 31 March 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-

## जनताको आवश्यकता सम्बोधननै लोकतन्त्रको संस्थागत : राष्ट्रपति

**रासस**
**काठमाडौं, १६ चैत**

राष्ट्रपति विद्यादेवी भण्डारीले जनताका दैनिक आवश्यकता प्रत्यक्ष सम्बोधन हुनु नै लोकतन्त्र संस्थागत गर्ने सबैभन्दा ठूलो माध्यम भएको बताउनुभएको छ । उहाँले काभ्रेपलाञ्चोकको नमोबुद्धनगरपालिका-५कानपुरका पुनःनिर्माण गरिएको प्राचीन कालिका मन्दिरको बुधबार उद्घाटन गर्दै नेपाली जनताको ठूलो त्याग र बलिदानको फलस्वरूप निर्माण भएको वर्तमान संविधानले जनतालाई प्रदान गरिने सेवा र सुविधामा सहज पहुँचको माध्यमबाट आर्थिक-सामाजिकरूपान्तरण हासिल गर्न स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको बताउनुभयो । "संविधानको यस भावनालाई आत्मसात गरी प्रत्येक जनप्रतिनिधिले आफूलाई सदैव जनताको सेवामा समर्पित गर्नुपर्दछ", उहाँले भन्नुभयो ।

भण्डारीले स्थानीय तहमा भौतिक निर्माण र पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दा प्रकृतिको संरक्षण गरी वातावरण जोगाउने कार्यलाई विशेष महत्व दिनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हरियाली प्रवर्द्धन गर्ने, पानीका मूल बचाउने एवं जैवीक विविधताको रक्षागर्ने कार्यबाट मात्र हामीले यस सुन्दर धर्तीलाई भावी पुस्तासमेतका लागि सुरक्षित बनाउन सक्दछौं ।"

उहाँले स्थानीय तहका प्रतिनिधिका साथै सम्बद्ध सबै पक्षमा विकाससम्बन्धी नीति, कार्यक्रम तथा योजना तर्जुमा गर्दा वातावरण संरक्षणको विषयलाई उच्च प्राथमिकतामा राख्ने सुदृढ संकल्पका लागि विशेष आह्वान गर्नुभयो । भण्डारीले जनप्रतिनिधिले नागरिकलाई शिक्षा, स्वास्थ्य, शुद्ध पिउने पानी एवं सरसफाईजस्ता आधारभूत सेवा सरल र रहजरूपमा उपलब्ध गराउने विषय सबैको गम्भीर सरोकारको विषय बन्नुपर्ने बताउनुभयो ।

उहाँले भूकम्पले भत्काएका सम्पदा अझ बलियो र स्थायीरूपमा पुनर्निर्माण हुँदा ऐतिहासिक धरोहरको संरक्षण गर्ने राष्ट्रिय आत्मविश्वास अझ बलियो भएको दाहोऱ्याउनुभयो । उहाँले भन्नुभयो, "विश्व शान्तिका प्रवर्तक भगवान् बुद्धको नामबाट सुशोभित तथा सांस्कृतिक तथा पुरातात्विक सम्पदाले सम्पन्न नमोबुद्ध नगरमा पुनर्निर्मित ऐतिहासिक कालिका मन्दिरले आफ्नो सांस्कृतिक तथा ऐतिहासिक गौरव कायम राखेकोमा खुसी भएको छु ।"

## 'पत्रकार मैत्री कानून बनाउन प्रतिबद्ध छौं'-मन्त्री थापा

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ चैत**




नेपाल पत्रकार महासंघ कास्कीले वर्षेनी दिँदै आएको मीना सिर्जनशील समावेशी पत्रकारिता पुरस्कार रविना आलेलाई अर्पण गरिएको छ ।

उहाँलाई २० हजार १ सय ११ रुपैयाँ नगद सहित पुरस्कृत गरिएको हो । नेपाल पत्रकार महासंघको स्थापना दिवसको अवसरमा महासंघ कास्कीले एक समारोहका बीच उक्त पुरस्कार हस्तान्तरण गर्यो ।

कार्यक्रममा 'महामारीमा पत्रकारिता' विषयमा अन्तरक्रिया समेत गरिएको थियो । कार्यक्रममा शुभकामना दिँदै गण्डकी प्रदेश सरकारका कानून,संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले नेपालमा लोकतन्त्र, नागरिक अधिकार, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, पत्रकारिताको संस्थागत विकास र श्रमजीवि पत्रकारहरुको हकहितका लागि पत्रकार महासंघले महत्वपूर्ण काम गर्दै आएको बताउनुभयो । उहाँले पत्रकार समाजको चौथो अंग भएकाले सत्य, तथ्य सूचना प्रवाह गर्दै आवाज विहिन जनताका आवाजलाई बुलन्द पार्न पत्रकार संवेदनशील र सक्रिय भएर लाग्नुपर्ने आवश्यकतालाई औंल्याउनुभएको छ ।

मन्त्री थापाले गण्डकी प्रदेश सरकार पत्रकारमैत्री कानून निर्माण गर्न प्रतिबद्ध रहेको जानकारी गराउनुभयो । 'आम संचार विधेयक विद्यायन समितिमा गएको छ । पत्रकारका विज्ञ साथीहरुसँग छलफल समेत गरिएको अवस्था छ । विधेयकमा देखिएका समस्यालाई संशोधन गर्दै विधेयक ल्याउँछौं । जसले गण्डकीका पत्रकारलाई सहज वातावरण बनाउनेछ ।', उहाँले भन्नुभयो । मन्त्री थापाले महामारीका कारण समस्यामा परेका मिडियालाई माथि उठाउने गरी नीति निर्माणमा प्रदेश सरकारको ध्यान पुगेको बताउनुभयो ।

कार्यक्रममा गण्डकी प्रदेश सरकारकी सांसद मीना गुरुङले पत्रकारिता क्षेत्रमा महिलाहरुले भोग्नुपरेको पिँडालाई आत्मसात् गर्दै पुरस्कार स्थापना गरेको जानकारी गराउनुभयो । उहाँले पत्रकारिता क्षेत्रको श्रीवृद्धिका लागि आफु प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो । नेपाल पत्रकार महासंघ कास्कीकी अध्यक्ष विमला भण्डारीले माननीय मीना गुरुङले पत्रकारका समस्यामा मलहम लगाउन पुरस्कार स्थापना गरी हौसला थप्ने काम गरेको प्रति धन्यवाद व्यक्त गर्नुभयो । उहाँले पत्रकार महासंघ कास्कीका पत्रकारहरुको हकहितका लागि साथमा रहेको उल्लेख गर्नुभयो ।

पुरस्कार ग्रहण गर्दै पत्रकार रविना आलेले पुरस्कारले मिडिया क्षेत्रमा नै क्रियाशील हुने प्रेरणा मिलेको बताउनुभयो ।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सरिता तिमिल्सिना र त्रिभूवन पौडेलले प्रेस स्वतन्त्रताका कार्यक्रममा केन्द्रित रही पत्रकार महासंघले आफ्ना क्रियाकलापहरुलाई अगाडि बढाएको जानकारी गराउनुभयो । कार्यक्रममा प्रेस स्वतन्त्रता सेनानी बद्री विनोद प्रतिकले नेपालमा प्रजातन्त्र ल्याउन पत्रकारहरुले गरेको कामको प्रशंसा गर्नुभयो । नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष रविन्द्र बास्तोलाले महासंघ नागरिक अधिकारको पक्षमा लैड्दै आएको अभिव्यक्ति प्रस्तुत गर्नुभयो । पत्रकारको अधिकारको विषयमा आवाज उठाउनुपर्ने आवश्यकतालाई समेत उहाँले जोड गर्नुभएको छ ।

नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष तथा प्रतिभा छनोट समिति संयोजक कुशुम केशव पराजुलीले रविना आलेको विषयमा बोल्नुभएको थियो । आले २०६३ सालदेखि पत्रकारिता क्षेत्रमा सक्रिय हुनुहुन्छ। भिमाद नगरपालिका वडा नं १ मा जन्मनुभएकी आले रेडियो तरङ र हिमदूत पत्रिकामा आबद्ध हुनुहुन्छ । हालै मात्र आलेलाई नेपाल प्रेस युनियन कास्कीको कार्यवाहक अध्यक्षको जिम्मेबारी दिइएको छ । पत्रकार महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिनाले स्वागत गरेको कार्यक्रममा पत्रकार सन्तोष पोखरेलले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

## गण्डकी विकासको आधार धार्मिक तथा पर्यटकीय स्थल हुन् : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ चैत**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले गण्डकी प्रदेशका धार्मिक तथा पर्यटकीय स्थल विकासको आधार रहेको बताउनुभएको छ ।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटमा रहेको कैलाश सन्न्यास आश्रमको अधिवेशन बुधबार उद्घाटन गर्दै उहाँले यहाँको धार्मिक क्षेत्रलाई जोडेर पर्यटकीय स्थल बनाउन सकिने बताउनुभयो । प्रदेशको उत्तरमा मुक्तिनाथदेखि दक्षिणमा गजेन्द्र मोक्षधाम र यसबीचमा रहेका कैलाश सन्न्यास आश्रम, देवघाट, दाउन्नेदेवी, मौलाकालिका मन्दिर, मनकामना, गलेश्वर आश्रमलगायत हरेक धार्मिक तथा पर्यटकीय स्थल गण्डकी प्रदेशको सम्भावना रहेको उहाँले उल्लेख गर्नुभयो । मुख्यमन्त्री पोखरेलले कैलाश सन्न्यास आश्रमको स्तरोन्नतीका लागि सङ्घीय, प्रदेश र स्थानीय सरकारसमेतले काम गरिरहेको सन्दर्भमा अब बजेट बनाउँदा प्रदेशबाट रकम विनियोजन गर्ने आश्वासन दिनुभयो । सो आश्रममा १५औं शताब्दीको पुरातात्विक वस्तु भेटिएकाले त्यसको संरक्षण गर्दै यस क्षेत्रको प्रचारप्रसार गर्नुपर्नेमा उहाँको जोड थियो । संविधानसभा सदस्य कृष्ण पौडेलले ऐतिहासिक महत्व बोकेको यस धार्मिक स्थलको अक्षयकोषका लागि रु ५० हजार सहयोग गर्ने घोषणा गर्नुभयो । कैलाश सन्न्यास आश्रम मन्दिर व्यवस्थापन समितिका अध्यक्ष पुष्पराज घिमिरेले विसं २०७२ देखि पुरातत्व विभागबाट अनुगमन तथा उत्खनन गरी २०६७ मा शिखरशैलीको कलात्मक शिव मन्दिर निर्माणकार्य तीव्रगतिमा अघि बढाइएको जानकारी दिनुभयो । उहाँले हाल मन्दिरको निर्माण ७५ प्रतिशत सम्पन्न भएको बताउनुभयो । आश्रमको प्रगति प्रतिवेदन, गुरुयोजना प्रस्तुत गर्दै कैलाश सन्न्यास आश्रम मन्दिर व्यवस्थापन समितिका सचिव नेत्र रिजालले पाँच विघाह क्षेत्रफलको गुरुयोजना बनाउने, स्नानघाट, किरियापुत्री भवन, अतिथि गृह, मन्दिर रङरोगनलगायतका काम गर्नुपर्ने बताउनुभयो । उहाँले आश्रमभित्र ३५ फुट अग्लो शिव भगवानको मूर्ति बनाउन आवश्यक रहेको बताउनुभयो ।

सेनकालीन इतिहाससँग जोडिएको गैंडाकोटस्थित आश्रमको संरक्षण, सम्वर्द्धन तथा प्रबर्द्धनका लागि पुरातत्व विभागले जीर्ण अवस्थामा रहेको मन्दिर परिसरमा उत्खनन गरेको छ । पन्ध्रौं शताब्दीको अन्त्य तथा १६औं शताब्दीको सुरुतिर पाल्पाका राजा मणिमुकुन्द सेनले यहाँ मन्दिर निर्माण गरी यसै क्षेत्रमा आई बसेको गरेको किंवदन्ती रहिआएको छ । मुकुन्दपुर डाँडामा दरबार निर्माण गरी सुरक्षाका लागि गैंडाकोटदेखि माथि डाँडामा सैनिक टुकुडी र मौलाकालिका देवीको स्थापना र शिखौलीमा शिव मन्दिर स्थापना गरेको भन्ने किंवदन्ती पाइन्छ ।

यहाँ विशाल ढुङ्गाबाट बनेको शिवलिङ्ग, ढुङ्गा छेडेर राखिएका फलामका छड, देवीदेवताको मूर्ति र विभिन्न आकारप्रकारमा कुँदिएका कलात्मक ढुङ्गा रहेका छन् । ढुङ्गा शङ्ख, चक्र, विभिन्न देवीदेवताको आकारप्रकारमा कुँदिएका छन् । पुरातत्व विभागका अनुसार यहाँ भेटिएका कलात्मक ढुङ्गा सेनकालीन हुन् । विभागले यहाँ एक हजार ५१८ वटा ढुङ्गा उत्खनन् गरेको थियो । टुटुफुटेका पुराना ढुङ्गा हेरी नयाँ ढुङ्गा निर्माणकार्य जारी रहेको छ ।

## पोखरा प्रवेशद्वारको हालत : हिउँदमा धुलाम्य, वर्षामा हिलाम्य

**रासस**
**गण्डकी, १६ चैत**

पर्यटकीय नगरी पोखराको मुख्य प्रवेशद्वार पृथ्वी राजमार्गको दुलेगौंडादेखि कोत्रेसम्मको सडकखण्ड लामो समयदेखि बिग्रँदा सर्वसाधारणले सास्ती भोग्नुपरेको छ । लामो समयदेखि यस खण्डमा सडक बिग्रेभत्के पनि त्यसतर्फ सम्बन्धित निकायको चासो पुग्न नसकेको यस क्षेत्रका बासिन्दाको गुनासो छ ।

पर्यटकीय नगरी पोखरा प्रवेश गर्ने सडक नै अस्तव्यस्त बनिरहँदा यसले समग्र पोखराको पर्यटनमा नकारात्मक असर पार्ने सरोकारवाला बताउँछन् । पोखरा छिर्ने मुख्य सडकखण्ड बिग्रँदा त्यसले यहाँ आउने जो कोहीमा नराम्रो छाप पार्ने गरेको नेपाल पर्यटन बोर्डका पूर्वसदस्य एवम् वरिष्ठ पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई बताउनुहुन्छ । "पृथ्वीराजमार्गको यस सडक खण्ड हुँदै लामो समय पोखरा आवतजावत गर्ने पर्यटकले वर्षौंसम्म पनि यस सडक खण्डको स्तरोन्नति हुन नसकेकामा प्रश्न गर्ने गरेका छन्", उहाँले भन्नुभयो, "पोखराकै प्रवेशद्वार कोत्रे सडकखण्डले सरोकारवाला जो कोहीलाई गिज्याइरहेको छ ।"

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य लगभग सकिएको अवस्थामा पनि पोखरासँग जोडिएका सडक राम्रो बन्न नसक्नुले समग्र पर्यटनमा दिने सङ्केत राम्रो नहुने जनाउँदै उहाँले यसतर्फ चाँडै नै सम्बन्धित निकायको ध्यान पुग्नुपर्ने बताउनुभयो । चार वर्ष लगाएर विमानस्थल बन्दै गर्दा त्यहाँ गरिएको राज्यको ठूलो लगानीलाई प्रतिफलयुक्त बनाउनका लागि पनि जोडिएका सडक पूर्वाधारलाई व्यवस्थित गर्नु जरुरी रहेको उहाँको भनाइ छ । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आउँदा जोडिएका सडक अस्तव्यस्त नै रहने हो भने तनहुँ, गोरखा, लम्जुङलगायत स्थानका सर्वसाधारणले आगामी दिनमा पोखरा विमानस्थलभन्दा पनि अन्यलाई नै रोज्ने अवस्था आउनेतर्फ पनि बेलैमा सोच्न जरुरी रहेको अर्का पर्यटन व्यवसायी एवम् पोखरा पर्यटन परिषद्का पूर्वअध्यक्ष चिरञ्जीवी पोखरेलले बताउनुहुन्छ । पोखराको प्रवेश गर्ने मार्ग नै वर्षामा हिलाम्य र हिउँदमा धुलाम्यको अवस्थामा रहनु चिन्ताको विषय भएको जनाउँदै उहाँले यसतर्फ सम्बद्ध सरोकारवाला निकायको ध्यान पुग्नु जरुरी रहेको बताउनुभयो ।

लामो समयसम्म अस्तव्यस्त बनिरहेको सडकलाई चाँडो व्यवस्थित गर्न गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सम्बन्धित निकायका पदाधिकारीलाई बोलाएर निर्देशन दिइसकेको मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार खड्गबहादुर कमालले बताउनुभयो । "गण्डकी प्रदेशको राजधानी प्रवेश गर्ने मुख्य नाकाका रूपमा रहेको यो सडकखण्ड अस्तव्यस्त बन्नु गम्भीर चिन्ताको विषय हो", उहाँले भन्नुभयो, "यस सम्बन्धमा मुख्यमन्त्री स्वयंले चासो दिएर यथासक्य चाँडो यसलाई व्यवस्थित गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराइसक्नुभएको छ ।"

मुग्लिन-पोखरा सडक योजना पश्चिम खण्डका योजना प्रमुख अमित श्रेष्ठले यस सडक खण्डको स्तरोन्नति प्रक्रिया अघि बढेको जानकारी दिँदै दुलेगौडा-कोत्रे खण्डलाई तत्कालीन रूपमा व्यवस्थित गराउनका लागि सम्बद्ध निर्माण कम्पनीलाई निर्देशन दिइसकिएको बताउनुभयो । दुलेगौडा-कोत्रे सडक खण्ड पृथ्वीराजमार्गमा पर्नाका साथै पोखराबाट दमौली र दमौलीबाट पोखरासम्म ठूलो सङ्ख्यामा कर्मचारी तथा सर्वसाधारणसमेत दैनिक आवतजावत गर्ने भएकाले अत्यन्त व्यस्त रहन्छ । दैनिक आवतजावत गर्ने र सडक आसपासका बासिन्दा लामो समयदेखि वर्षामा हिलो र हिउँदमा धुलो खानु परेको पीडा व्यक्त गर्दछन् ।

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# डढुवामा २२ गतेदेखि 'चैते दशैं मेला'

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

लमजुङको मध्यनेपाल ८ डढुवा दुर्छामा आगामी २२ देखि २७ गतेसम्म 'ऐतिहासिक चैत्र दशैं मेला-२०७८' आयोजना हुने भएको छ।

स्थानीय क्लब क्रियटिभ युथ कलबको आयोजनामा मेलामा मुख्य आकर्षणको रुपमा राष्ट्रब्यापी खुल्ला सेभेन ए साइड पुरुष तथा महिला फुटबल प्रतियोगितालाई समावेश गरिएको आज आयोजित पत्रकार सम्मेलन मार्फत जानकारी दिईएको हो।

क्लबका अध्यक्ष तथा मुल आयोजक सकिति संयोजक चन्द्र प्रसाद गुरुङका अनुसार पुरुष फुटबल तर्फको विजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद रु १ लाख ५० हजार प्रदान गरिनेछ । भने उपविजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद रु ८० हजार प्रदान गरिनेछ।



त्यसैगरी महिला तर्फको विजेता टोलीलाई शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद रु १५ हजारले पुरस्कृत गरिने अध्यक्ष गुरुङले बताए । उनका अनुसार दोस्रो हुने टोलीले शिल्ड, मेडल तथा प्रमाणपत्र सहित नगद रु १० हजार प्राप्त गर्नेछ। पुरुषतर्फ प्रतियोगिताबाट सर्वोत्कृष्ट हुने खेलाडी र सर्वाधिक गोलकर्तालाई ट्रफी सहित जनही ५/५ हजार प्रदान गरिने अध्यक्ष गुरुङले जानकारी दिए । उनले पुरुष तर्फ टिम दर्ता शुल्क ७ हजार रुपैया निर्धारण गरिएको बताउदै महिलातर्फ भने कुनै शुल्क नलाग्ने बताए। 'अहिले विभिन्न ठाउँहरुमा फुटबल प्रतियोगिता भैरहेका छन् । सबैतिर हेरेर हामीले पनि देशव्यापी खुल्ला सेभेन ए साइड प्रतियोगिता राखेका छौ, उनले भने, 'हाम्रो प्रतियोगितामा गण्डकी प्रदेशबाटै आउँनुहुन्छ। टिम दर्ता गर्ने रकम हामीले सामाजिक कार्यमै लगाउनेछौ ।' उक्त प्रतियोगितामा स्थानीय स्तरका खेलाडीहरुले समेत भाग लिने बताउदै खेलाडी उत्पादनमा टेवा पुग्ने धारणा राखे । 'हाम्रो प्रतियोगितामा स्थानीय तहका खेलाडीहरुले खेलकौशल, सीप र दक्षता अभिवृद्धि गर्नेमा विश्वस्त छौ, अध्यक्ष गुरुङले भने, 'यस खेलबाट राष्ट्रिय लेभलका खेलाडी उत्पादन गर्न सघाउ पुर्याउनेछ।

साथै डढुवा गाउँलाई पर्यटकीय गाउँको रुपमा चिनाउनेछ ।' उनका अनुसार क्लबले खेलकुदको क्षेत्रमा सामाजिक क्षेत्रमा र स्वास्थ्य क्षेत्रमा निरन्तर काम गर्दै आएको छ । सो फुटबल प्रतियोगितामा पुरुष तर्फ अनुमानित ४० टिम र महिला तर्फ १० टिमको सहभागिता रहने अपेक्षा गरिएको छ। एक हप्ता सञ्चालन हुने सो मेलामा छेलो प्रतियोगिता र तमु समुदायमा आधारित विभिन्न सांस्कृतिक कार्यक्रमहरु पनि समावेश गरिएको आयोजकले जनाएको छ।

# पत्रकार महासंघको स्थापना दिवसमा बिरामीलाई फलफुल वितरण

पोखरापत्र संवाददाता
स्याङ्जा, १६ चैत

नेपाल पत्रकार महासंघको ६७ औं स्थापना दिवसको अवसरमा फलफुल वितरण गरिएको छ।

महासंघको स्थापना दिवसको अवसरमा नेपाल पत्रकार महासंघ स्याङ्जाले जिल्लाका विभिन्न अस्पतालमा रहेका बिरामीलाई फलफुल वितरण गरेको हो । पत्रकार महासंघ स्याङ्जा शाखाले जिल्ला अस्पताल स्याङ्जा, वालिङ नगर अस्पताल, चापाकोट नगर अस्पताल र गल्याङ नगर अस्पतालमा उपचारार्थ रहेका बिरामीलाई फलफुल वितरण गरेर स्थापना दिवस मनाएको महासंघ स्याङ्जाका अध्यक्ष श्रीकृष्ण सिग्देलले जानकारी दिए।

हरेक बर्ष चैत्र १६ गते पत्रकार महासंघले आफ्नो स्थापना दिवसको अवसरमा विभिन्न कार्यक्रम गरी मनाउदै आएको छ। यो बर्ष स्याङ्जा शाखाले अस्पतालका बिरामीलाई स्वास्थ्य लाभको कामना गर्दै फलफुल दिएर स्थापना दिवस मनाइएको शाखाका अध्यक्ष सिग्देलले बताए । स्याङ्जा शाखाले जिल्ला सदरमुकाममा उपाध्यक्ष भवानी अधिकारी, चापाकोटमा जिल्ला सदस्य रामु भट्टराई, गल्याङमा गण्डकी प्रदेश प्रतिनिधि हिमाल न्यौपाने र वालिङमा शाखाका अध्यक्ष सिग्देलको नेतृत्वमा फलफुल वितरण कार्य सम्पन्न गरिएको जनाएको छ।

मुलुकका हरेक परिवर्तनमा पत्रकार महासंघले महत्वपुर्ण भुमिका खेल्दै आएको बताउदै स्याङ्जा शाखाका अध्यक्ष सिग्देलले पत्रकारहरुका लागि आएको श्रमजीवी पत्रकार ऐन लामो समयदेखी कार्यन्वयन नहुनु दुखद रहेको बताए। पत्रकारहरुलाई नियन्त्रित गर्नेगरी आउन लागेको संचार ऐन बिचाराधिन अवस्थामा रहेपनि पत्रकारमैत्री ऐन ल्याउन सिग्देलले सरकार सगँ माग गरे । मुलुकका हरेक संकटमा पत्रकारहरुले खेलेको भुमिकाले नागरिकमा सचेतना जगाएको दावी गर्दै अध्यक्ष सिग्देलले कोरोना संक्रमणका बेला जोखिम मोलेर नागरिकको आवाजलाई सरकारका तिनै तह समक्ष पुऱ्याउने गतिलो उदाहरण भएको बताए।

राजनीति भन्दा माथी उठेर समाजमा लुकेका र लुकाइएका विषयबस्तुको उठानमा नेपाली पत्रकारहरु लाग्न यो स्थापना दिवसले सबैलाई उर्जाशिल बनाउने छ भन्दै अध्यक्ष सिग्देलले शुभकामना व्यक्त गरे । स्याङ्जाका चार पालिकामा रहेका स्थानीय अस्पतालमा सक्रिय भुमिका सहित सहभागिता जनाएर पत्रकार महासंघको ६७ औंस्थापना दिवस मनाएकोमा स्याङजावासी सबै पत्रकारहरुलाई अध्यक्ष सिग्देलले धन्यवाद समेत दिएका छन्।

# प्रभावकारी बन्दै निर्वाचन क्षेत्र पूर्वाधार विकास योजना

पोखरापत्र संवाददाता
गण्डकी, १६ चैत

सानो रकमले जनताका साझा समस्याको समाधान गर्न सकिन्छ भन्ने यहाँको एक सुकुम्बासी बस्तीका बासिन्दा उदाहरणीय बनेका छन्।

पोखरामहानगरपालिका-१५ पट्नेरीस्थित सुकुम्बासी बस्तीबीचको बाटो ढलान गरेपछि सो क्षेत्रका बासिन्दाले यतिखेर केही हदसम्म भए पनि सुविधासहित सुरक्षाको अनुभूति गरेका हुन् । निर्वाचन क्षेत्र पूर्वाधार विकास योजना गण्डकी प्रदेशको रु तीन लाखसहित रु साढे पाँच लाखको लागतमा नाला र सात मिटर चौडाइको ६० मिटर लम्बाइ बाटो ढलान गरिएको गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्मा समक्ष स्थानीय बासिन्दाले बताए।

पूर्वाधार विकास योजनाअन्तर्गतका रु २९ लाख बराबरका विभिन्न सातवटा योजनाको स्थलगत अनुगमन गर्दै उहाँले उपभोक्ताको सक्रियतामा भएका विकास निर्माण तोकिएको समय र गुणस्तरीय हुने विश्वास व्यक्त गर्नुभयो । यस क्षेत्रमा खानेपानी, सडक निर्माणसँगै अन्य आवश्यकता परिपूर्तिका लागि आफ्नोतर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै उपसभामुख शर्माले त्यसका लागि स्थानीय बासिन्दा सङ्गठित भएर लाग्नु अपरिहार्य छ भन्नुभयो । प्रदेशसभा सदस्य कृष्ण थापा र उपसभामुख शर्माको निर्वाचन क्षेत्र पूर्वाधार विकास योजनाको रु आठ लाखबाट उक्त योजनासहित ढङ्गेसाँघुचोक सडकमा कल्भर्ट र टुटुङ्गामा नाला निर्माण कार्य सम्पन्न गरिएको उपभोक्ता समितिका अध्यक्ष मुक्तिलाल गुरुङले जानकारी दिनुभयो । टुटुङगादेखि परोपकार महासङ्घको आश्रम हुँदै पटनेरीको बस्तीसम्म पुग्ने बाटो र ढल निर्माण नहुँदा प्रत्येक वर्षाको मौसममा बस्ती उच्च जोखिममा पर्दै गरेको उल्लेख गर्दै उहाँले प्राकृतिक स्रोत भएर पनि कतिपय घरमा अहिलेसम्म खानेपानीको सुविधा पुग्न नसकेको गुनासो गर्नुभयो।

# कास्कीको माछापुच्छ्रेमा वडा कार्यालय भवन निर्माण

पोखरापत्र संवाददाता
गण्डकी, १६ चैत

कास्कीको माछापुच्छ्रे गाउँपालिका-९ मा वडा कार्यालय भवन निर्माण गरिएको छ।

जिल्ला समन्वय समिति र गाउँपालिकाको साझेदारीमा रु ९९ लाख ९० हजारको लागतमा उक्त दुई तले भवन निर्माण गरिएको हो । भवन निर्माणमा जिल्ला समन्वय समितिको रु ५९ लाख ९४ हजार तथा गाउँपालिकाको रु ३९ लाख ९६ हजार लगानी रहेको वडाध्यक्ष दुर्गाबहादुर क्षेत्रीले जानकारी दिनुभयो । यसअघि गाउँपालिकाका आठवटै वडा कार्यालयमा आफ्नै भवनबाट सेवा सञ्चालन गरिँदै आएको छ। कार्यालयको जिल्ला समन्वय समितिका प्रमुख वैनबहादुर अधिकारी र गाउँपालिका अध्यक्ष कर्णबहादुर गुरुङले संयुक्तरुपमा उद्घाटन गर्नुभयो। भवन निर्माणका लागि स्थानीयवासी आइबहादुर तामाङ र श्रीकुमारी तामाङले एक रोपनी जग्गा निःशुल्क उपलब्ध गराउनुभएको हो।

# स्थानीय तह निर्वाचनमा उम्मेदवार हुँदा स्वघोषणा गर्नुपर्ने व्यवस्था

रासस
काठमाडौं, १६ चैत

निर्वाचन आयोगले स्थानीय तहसँग सम्बन्धित कानूनी तथा कार्यविधिगत व्यवस्थालाई व्यवस्थित गर्न बुधबार स्थानीय तह निर्वाचन निर्देशिका, २०७९ जारी गरेको छ ।

निर्देशिकामा निर्वाचन अधिकृतसम्बन्धी व्यवस्था, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत तथा कर्मचारीसम्बन्धी व्यवस्था, निर्वाचनसँग सम्बन्धित सरोकारवालाको काम, कर्तव्य र अधिकारसम्बन्धी विषय समेटिएको छ । निर्देशिकामा उम्मेदवारको योग्यता तथा मनोनयन, मतदाता नामावली, मतदान र मतगणनासम्बन्धी व्यवस्थालगायत निर्वाचनको प्रभावकारी व्यवस्थापनसम्बन्धी विषय समावेश छन्।

आयोगले नेपालको संविधान तथा निर्वाचनसम्बन्धी प्रचलित कानूनी व्यवस्थासमेतको आधारमा स्थानीय तह निर्वाचनमा उम्मेदवार हुने प्रचलित कानूनबमोजिम योग्यता पुगेको कुनै पनि व्यक्तिले मनोनयन दर्ता गर्दा स्वघोषणा गर्नुपर्ने व्यवस्था गरेको छ । आफूले गरेको स्वघोषणाप्रति उम्मेदवार स्वयं जिम्मेवार हुनुपर्ने नयाँ व्यवस्था आयोगले गरेको हो। उम्मेदवारको मनोनयनपत्र साथ पेश गर्नुपर्ने स्वघोषणा पत्रमा देहायका बुँदा समावेश गरिएको आयोगले जनाएको छ । उम्मेदवार हुनका लागि नेपालको संविधानप्रति पूर्ण निष्ठावान, २१ वर्ष उमेर पूरा भएको, नेपाली नागरिक, गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको तथा स्थानीय तह निर्वाचनसम्बन्धी कुनै कानूनले अयोग्य नभएको हुनुपर्नेछ। तीन तहकै सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक वा सुविधा पाउने गरी हाल नरहेका सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने गरी कुनै लाभको पद धारण नगरेको हुनुपर्नेछ। मनोनयनपत्र साथ उम्मेदवारले प्रतिनिधिसभा सदस्य वा प्रदेशभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फको उम्मेदवारको बन्दसूचीमा नाम कायम नरहेको, मनोनयनपत्र साथ पेश गरेको सम्पत्ति विवरण ठीक साँचो रहेको कागजात पेश गर्नुपर्ने आयोगले जनाएको छ । स्थानीय तहलाई कुनै जिन्सी वा नगदी बुझाउन बाँकी नरहेको, कुनै स्थानीय तहको ठेक्का पट्टा वा चलअचल सम्पत्तिसम्बन्धी व्यवहारमा संलग्न नरहेको, सरकारी पेश्की, बेरुजु तिर्न बुझाउन बाँकी नरहेको, संविधानको धारा २९१ बमोजिम विदेशको स्थायी आवासीय अनुमतिपत्र डिभीपीआर नलिएको हुनुपर्नेछ।


## विषादीको सुरक्षित प्रयोग सम्बन्धी कृषक महानुभावहरुमा विशेष सूचना

- खेतबारीमा जथाभावि विषादी प्रयोग नगरौं, आफ्नो र वातावरणको ख्याल गरौं।
- केटाकेटीलाई विषादीबाट टाढा राखौं साथसाथै विषादीलाई खानेकुरा, जनावरको दाना र चाराबाट छुट्टै स्थानमा राखौं।
- सकेसम्म जैविक विषदीको मात्र प्रयोग गरौं र रसायनिक विषादी प्रयोग गर्न परेको खण्डमा उक्त विषादीको बारेमा पूर्ण जानकारी लिएर मात्र प्रयोग गरौं।
- विषादी प्रयोग गर्दा र छर्कदा सुरक्षित पहिरनको (पंजा, मास्क, चश्मा, फुल बाउला भएको सर्ट र पेन्ट, एप्रोन, बुट ईत्यादी।) प्रयोग गरौं र सम्भावित दुर्घटनाबाट बच्ने उपायबारे सजग रहौं।
- विषादी प्रयोग गर्नु पूर्व त्यसको लेवल (रंग र संकेत) पढौं र बुझौं।
- जिवनासक विषादी चलाउंदा खाने, पिउने र धुम्रपान गर्ने नगरौं।
- जिवनासक विषादी प्रयोग पश्चात प्रयोगकर्ताले रम्रो संग नुहाइ धुवाइ गर्ने, खालि भाडांको सुरक्षित तवरले नष्ट गर्ने र फल टिप्नको लागि प्रतिक्षा अवधि र पूनः प्रयोग अवधिमा ध्यान दिने गरौं।
- ध्यान राख्नुहोसः विषादी विष हो, औषधि होईन।

**विषादी कारोबारमा संलग्न महानुभावहरूमा विशेष अनुरोध**

- विषादी ऐन र नियमावली बमोजिम इजाजत पत्र लिएर मात्र विषादीको कारोबार गर्नुहोस्।
- नियमानुसार इजाजत पत्र/पञ्जिकरण पत्र नविकरण गर्नुहोस्।
- कारोबार गर्दा पञ्जिकृत विषादीहरुको मात्र कारोबार गर्नुहोस्।
- आफ्नो उद्योगमा संलग्न कर्मचारी वा कामदारहरुलाई आवश्यक प्रशिक्षण दिनुहोस्।
- विषादी पञ्जिकरण तथा व्यवस्थापन शाखाले तोकेको मापदण्ड बमोजिम विषादी पसल तथा उद्योग व्यवस्थित गर्नुहोस्।
- पञ्जिकृत, सुरक्षित र प्रभावकारी विषादीको कारोबारलाई प्राथमिकता दिनुहोस्।
- विषादीको सुरक्षित तरिकाले परिवहन र भण्डारण गर्नुहोस्।
- विषादी चलाउँदा सुरक्षात्मक पहिरनको अनिवार्य प्रयोग गर्नुहोस्/गराउनुहोस्।
- पञ्जिकृत नभएका र प्रतिबन्धित विषादीबारे जानकारी राख्नुहोस् र त्यस्ता विषादी आयात तथा बिक्री वितरण नगर्नुहोस्।

अनुरोधक
भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश, पोखरा



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने:** शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने:** स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता:** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग:** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुन मानिस तिम्रो अगाडि झुक्दछ, उसको अगाडि तिमी पनि झुक । - शेखसादी

## सम्पादकीय

# कांग्रेस गठबन्धनमा प्रतिबद्ध

संसदको सबैभन्दा ठूलो दल नेकपा एमालेविरुद्ध सत्तारुढ दलहरूको चुनावी महागठबन्धन बन्ने भएको छ । प्रमुख सत्तारुढ घटक नेपाली कांग्रेसले 'स्थानीय आवश्यकताको आधारमा चुनावी तालमेल गर्नसक्ने' निर्णय गरेसँगै सत्ता गठबन्धनका सबै दल चुनावी महागठबन्धनको पक्षमा उभिएका छन् । सत्ता गठबन्धनमा रहेका नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा पहिल्यै नै चुनावी गठबन्धनको पक्षमा उभिएका छन् । कांग्रेस केन्द्रीय समितिको मंगलबार सम्पन्न बैठकले तालमेलको पक्षमा निर्णय लिएपछि माओवादी केन्द्र र एकीकृत समाजवादी खुशी देखिन्छन् ।

गठबन्धनमा रहेका दलहरूको चित्त बुझाउन र नेकपा एमालेको जितलाई रोकन कांग्रेसले गठबन्धन गर्ने निर्णय लिएको हो । 'स्थानीय निर्वाचनमा बहुसंख्यक स्थानीय तहमा नेपाली कांग्रेस विजयी हुने बलियो परिस्थिति र आधार बनेको अवस्थालाई अझै सबल र व्यापक बनाउन स्थानीय अवस्था र आवश्यकता अनुरुप गठबन्धनमा रहेका अन्य दलसँग तालमेल गर्नसक्ने नीतिगत निर्णय यो बैठक गर्दछ', कांग्रेसको निर्णयमा भनिएको छ । कांग्रेसले आवश्यकता अनुसार चुनावी तालमेल गर्ने निर्णयमा पुग्नुअघि ३ दिनसम्म केन्द्रीय समितिमा छलफल गरेको थियो । छलफलमा अधिकांशले स्थानीय तहको निर्वाचन भएकाले आवश्यक स्थानमा तालमेल गर्नुपर्नेमा जोड दिएका थिए । सभापति शेरबहादुर देउवा स्वयंले 'एमाले अझ बलियो भएकाले तालमेल गर्नैपर्ने' बताएका थिए ।

वरिष्ठ नेता रामचन्द्र पौडेलले त बैठकमा विशेष समय लिएर 'केपी ओलीलाई साइजमा राख्न' चुनावी तालमेल गर्नुपर्ने बताएका थिए । 'एमालेविरुद्ध हाम्रो मुख्य प्रतिस्पर्धा हो । बरु माओवादी र समाजवादीलाई भोट हालेर भएपनि एमालेलाई साइजमा राख्नुपर्छ', पौडेलले बैठकमा भनेका थिए । गठबन्धनको पक्षमा रहेका सबै जसो नेताहरुले 'तालमेल नगरे स्थानीय निर्वाचनमा एमाले नै पहिलो हुने' तर्क पेश गरेका थिए । सभापति देउवाले त सार्वजनिक कार्यक्रममै 'एमालेको शक्ति नघटेको' टिप्पणी गरेका थिए । यहीकारण कांग्रेसले स्थानीय आवश्यकता अनुसार चुनावी तालमेल गर्ने निर्णय गरेको हो । जहाँ जहाँ कांग्रेसले सहज ढंगले जित्छ ती ठाउँ लिने । जहाँ एमाले बलियो छ त्यहाँ तालमेल गर्ने कांग्रेसको नीति हो ।

कांग्रेस केन्द्रीय समितिले निर्णय गर्नु अघि केही जिल्लामा गठबन्धनमा रहेका दलले वडासम्म गठबन्धन गरेर जाने सैद्धान्तिक सहमति गरेका थिए । स्थानीय निर्वाचनमा एमालेविरुद्ध हुने महागठबन्धन संघीय निर्वाचनसम्म लैजाने प्रतिवद्धता शीर्ष तहमा वनिसकेको छ । प्रधानमन्त्री शेरबहादुर देउवा तत्काल सत्ता गठबन्धनमा समस्या आउन नदिन गठबन्धनमा रहेका दलहरुलाई चुनावी तालमेल गरेर 'राजनीतिक संरक्षण' दिनुपर्ने बाध्यतामा थिए । कांग्रेसको डाक्टर शेखर कोइराला समूहलाई पनि चित्त बुझने गरी 'स्थानीय अवस्था र आवश्यकता अनुसार गठबन्धनमा रहेका अन्य दलसँग तालमेल गर्ने' निर्णय गराउन देउवा सफल भएका छन् । कांग्रेसको नीतिगत निर्णयले स्थानीय आवश्यकताका नाममा गठबन्धनबाहेकका दलसँग तालमेल गर्न निषेध पनि गरेको छ । यहीकारण अब ७ सय ५३ वटै स्थानीय तहमा प्रमुख प्रतिपक्षी नेकपा एमालेविरुद्ध महागठबन्धन भिड्ने भएको छ ।

गठबन्धन जोगाउने देउवाको चलाखीले प्रतिपक्षी एमालेलाई मनोवैज्ञानिक त्रास उत्पन्न गराएको छास्थानीय चुनावमा उमेदवार छाँट्न सबै दललाई सजिलो बनाउनेछ । गठबन्धन हुँदैमा जितिन्छ भन्ने ग्यारेन्टी छैन । विगतमा पनि गठबन्धन प्रभावकारी भएको थिएन । स्थानीय जनताको चाहना र राजनीतिक दलको प्रभावका आधारमा तालमेल र गठबन्धन सफल हुन सक्छ । सत्तारूढ गठबन्धनले विपक्षी एमालेलाई बलियो स्वीकार्दै गठबन्धनमा जाने निर्णयले एमालेलाई आकांक्षी व्यवस्थापनमा सघाउने छादेशमा दुई ध्रुवबीच मात्र प्रतिस्पर्धा हुने परिस्थिति खडा गरिदिएको छ । देशमा राजनीतिक स्थिरताका लागि मुख्य दुई दलमा प्रतिस्पर्धा हुनु राम्रो हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाव | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : मन चञ्चल | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चिल्ली खोलामा मोटरेवल पुल बन्यो

**पोखरापत्र संवाददाता**
**लमजुङ, १६ चैत**

चिल्ली खोलामा मोटरेवल पुल निर्माण गरिएको छ । राइनास नगरपालिका-१ र दूधपोखरी गाउँपालिका-५ लाई जोड्न चिल्ली खोलामा पुल निर्माण गरिएको हो ।

पूर्वाधार विकास कार्यालयका प्रमुख इन्जिनियर सुमन गिरीका अनुसार गण्डकी प्रदेश सरकारको रु दुई करोड ५२ लाख १९ हजारमा पुल निर्माण सम्पन्न भएको हो । डेबस्यार गरवासी रुम्बा जेवि निर्माण कम्पनीले २०७६ चैतमा पुल निर्माण गर्न सम्झौता गरेको थियो ।

दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने सम्झौता भए पनि कोरोनाका कारण लकडाउन गरिएपछि काम ढिला सम्पन्न भएको गिरीले बताउनुभयो ।

पुलले राइनास नगरपालिका र दूधपोखरी गाउँपालिकालाई जोडेको छ । पुल बनेपछि बोराङखोला बिचौर दूधपोखरी सडकमा बाह्रैमास यातायातसेवा सञ्चालन गर्न सकिने बताइएको छ ।

# आयुर्वेदिक औषधालय सञ्चालनमा

**पोखरापत्र संवाददाता**
**तनहुँ, १६ चैत**

म्याग्दे गाउँपालिका-२ जामुनेस्थितआयुर्वेदिकऔषधालय सञ्चालनमा ल्याइएको छ ।

उक्त आयुर्वेदिक औषधालयको गाउँपालिका अध्यक्ष मायादेवी रानाले उद्घाटन गरेपछि सञ्चालनमा ल्याइएको हो । विसं २००६ मा स्थापना भएको जामुने आयुर्वेदिक औषधालयको अहिले आफ्नै सुविधासम्पन्न भवन निर्माण गरेपछि स्थानीयवासीलाई सेवा लिन सहज भएको छ ।

सङ्घीय सरकारको बजेटबाट भवन निर्माण सम्पन्न गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायणप्रसाद अधिकारीले जानकारी दिनुभयो । कूल एक करोड ५८ लाख ८८ हजार २३१ को लागतमा भवन निर्माण गरिएको हो ।

त्यसैगरी, गाउँपालिका मातहतका वडा नं ३ र ४ को नवनिर्मित दुई भवनको हालै उद्घाटनपश्चात् सञ्चालनमा ल्याएको छ । उक्त दुवै भवन ४५ लाख ३० हजार ९२४ का दरले निर्माण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत नारायणप्रसाद अधिकारीले बताउनुभयो ।

वडा कार्यालय भवन बनाउन निःशुल्क रूपमा आठ आना जग्गासहित पास खर्चसमेत व्यहोर्ने गरी स्थानीय कृष्णराज पण्डितले प्रदान गर्नुभएको हो । गाउँपालिकाका सबै वडा आफ्नै पालामा सम्पन्न गरेर उद्घाटन गर्ने सोच बनाए पनि कोभिड तथा ठेकेदारका कारण वडा नं ६ र ७ भवन निर्माण सम्पन्न गर्न नसकिएको गाउँपालिकाका उपाध्यक्ष बालकृष्ण घिमिरेले जानकारी दिनुभयो ।

# पत्रकार महासङ्घ ६७औँ वर्षमा प्रवेश

**रासस**
**काठमाडौं, १६ चैत**

नेपाली पत्रकारको साझा संस्था नेपाल पत्रकार महासङ्घ स्थापनाको ६७औँ वर्षमा प्रवेश गरेको छ । पत्रकारको हकहितका निम्ति स्थापित महासङ्घ नागरिक अधिकार, लोकतन्त्र, प्रेस स्वतन्त्रता र पत्रकारका हकहित तथा पेसागत मुद्दाका लागि अविच्छिन्न रूपमा लड्दै आएको छ ।

६७औँ वर्षमा प्रवेश गर्दैगर्दा महासङ्घले तीन तहमा बन्दै गएका कानुनका कतिपय व्यवस्थामा असहमति जनाउँदा त्यसलाई सच्चाउनेतर्फ भन्दा तिनलाई उपेक्षा गर्ने चरित्र राज्यले देखाएको जिकिर गर्दै आएको छ । नेपाली प्रेसलाई स्वतन्त्र र मर्यादित बनाउने सन्दर्भमा पत्रकार महासङ्घ गम्भीर रहेको तथा त्यसका लागि आवश्यक कानुन बनाउने सन्दर्भमा सकारात्मक रहेको जनाउँदै अध्यक्ष विपुल पोखरेलले नियन्त्रणकारी मनसायका साथ कानुन बनाउने खोजिए महासङ्घले सशक्त प्रतिवाद गर्ने बताउनुभयो ।

उहाँले पुनः महासङ्घसहित सरोकार पक्षसँग पर्याप्त छलफल र सहमतिमा प्रेस स्वतन्त्रताको पूर्ण ग्यारेण्टी गर्ने गरी सञ्चारसम्बन्धी कानुन निर्माण गर्न आग्रह गर्नुभयो । महासङ्घले अगाडि सार्दै आएका श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन, साना लगानीका स्वरोजगारमूलक र गैरनाफामूलक सञ्चारमाध्यमको प्रवर्द्धन, पत्रकारको दक्षता अभिवृद्धिका लागि केन्द्र र प्रदेशस्तरमा आमसञ्चार प्रशिक्षण प्रतिष्ठानको स्थापना, सार्वजनिक सेवा प्रसारक संस्थाको स्थापना र आमसञ्चार प्राधिकरणजस्ता निकायको स्थापना गर्नुपर्ने माग गर्दै आएको छ । अध्यक्ष पोखरेलले दिवसका अवसरमा देशैभर र विश्वका विभिन्न स्थानमा छरिएर रहेका महासङ्घका सदस्यसहित आम नेपाली सञ्चारकर्मी र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरमा बधाई तथा शुभकामना व्यक्त गर्दै प्रेस काउन्सिलको पुनःसंरचना, समानुपातिक विज्ञापनको कार्यान्वयन र श्रमजीवी पत्रकार कल्याण कोषमा विज्ञापनको १० प्रतिशत रकम राख्नुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन गर्न आग्रह गर्नुभयो । महासङ्घले पत्रकारका लागि दुर्घटना तथा स्वास्थ्य बीमा, निःशुल्क उपचारको प्रबन्ध, ज्येष्ठ तथा अशक्त पत्रकारलाई जीवन निर्वाह भत्ता वितरणको व्यवस्था एवं आमसञ्चार विकास कोषको स्थापनालगायतका माग पूरा गर्न सरकारसहित सम्बन्धित निकायमा ध्यानाकर्षणसमेत गराउँदै आएको छ । शुभकामना सन्देशमा भनिएको छ, "२०७७ चैतमा २६औँ महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिले हाम्रा मुद्धालाई प्राथमिकताका साथ उठाउने छ, प्रेस स्वतन्त्रता, श्रमजीवीको सवाललाई केन्द्रविन्दुमा राखेर नै यो कार्यसमितिले आफ्ना रणनीति निर्माण गर्ने छ, यो हाम्रो साझा प्रतिबद्धता हो, महासङ्घको स्थापना दिवसका अवसरमा सबैमा हार्दिक शुभकामना व्यक्त गर्दै हाम्रो दायित्व र समाजले अपेक्षा गरेको भूमिका निर्वाह गर्न सबैमा अपिल गर्दछु ।" दिवसको अवसरमा आज महासङ्घले प्रभातफेरी, फुटसल प्रतियोगिता, सञ्चारका विविध विषयमा विज्ञसहितको अन्तर्क्रिया, रक्तदान, स्वास्थ्य शिविर जस्ता रचनात्मक कार्यक्रमको आयोजनासमेत गरको छ ।

# योजना बनाउन सिक्दै महिला

**पोखरापत्र संवाददाता**
**बागलुङ, १६ चैत**

बागलुङ नगरपालिका-१२, अमलाचौरकी खगेश्वरी परियारले नगरपालिकाबाट विनियोजन हुने योजनाको सम्झौतादेखि फरफार कसम्मका प्रक्रियाको विषयमा पहिलोपटक जानकारी पाउनुभयो ।

स्थानीय सहकारी, समूह र उपभोक्ता समितिमा बसेर काम गरेको भए पनि उहाँलाई सबै प्रक्रियाका विषयमा जानकारी थिएन । गाउँमा प्रक्रिया जानेको मान्छे खोजेर कागजी प्रक्रिया पूरा गरी केही काम गरेकी उहाँ अब भने प्रस्ताव बनाउनेदेखि योजना माग, सम्झौता र भुक्तानी तथा फरफारकसम्मका काम आफैले गर्ने बताउनुहुन्छ । नगरपालिकामा पटक-पटक आउँदा पनि कागज नमिलेका कारण फर्किनुपरेको नमिठो अनुभव अब उहाँले गर्नुपर्ने छैन । बागलुङ-९, तित्याङकी उमा खड्का स्वास्थ्य स्वयंसेविका हुनुहुन्छ । गाउँमा हुने विकासका काममा खड्का पनि सहभागी हुने गर्नुभएको छ । उहाँले कहिले उपभोक्ता समितिको पदाधिकारी हुने त कहिले सदस्य मात्रै भएर पनि काम गर्नुभयो । उहाँलाई पनि काम कसरी हुन्छ, आफूलाई लागेको काम गर्न योजना कसरी माग्ने भन्ने जानकारी थिएन ।

नगरपालिकाको महिला बालबालिका तथा समाज कल्याण शाखाले यस पटक सबै वडाका अगुवा महिलालाई क्षमता अभिवृद्धि तालिम दियो । उपभोक्ता समिति तथा समूहमा पदाधिकारी रहेका महिलाका लागि आयोजना गरिएको तालिमबाट महिला उत्साहित छन् । "सधैँ गरेको तर, मेसो नपाएको विषयमा छलँगै भयो, अब काम गर्न सजिलो हुन्छ", खगेश्वरीले भन्नुभयो, "अब त महिलाको विकासका लागि योजना बनाएर माग्छौँ, कसैलाई काम लगाइदैन आफैँ गर्न सकिन्छ ।" नगरपालिकाले १४ वडाका महिलालाई दुई दिन लगाएर तालिम दिएको हो । वडा नं १ देखि ७ सम्म पहिलो दिन र वडा नं ८ देखि १४ सम्म दोस्रो दिन तालिम सञ्चालन भएको शाखा प्रमुख सरस्वती रेग्मीले बताउनुभयो । तालिममा हरेक वडाबाट पाँच जनाका दरले महिला सहभागी थिए ।

"प्रतिनिधिमूलक हिसाबमा सहभागी महिलालाई गाउँमा पुगेर अरुलाई सिकाउनुस् भनेका छौँ", नगरप्रमुख जनकराज पौडेलले भन्नुभयो, "यो सुरुआतले योजनाको कार्यान्वयनमा धेरै सहयोग गर्छ ।" उहाँले प्रक्रिया बुझेर काम गर्दा धेरै दुःख नहुने र उपभोक्त पनि सन्तुष्ट हुने बताउनुभयो ।

तालिममा सङ्घ संस्थाको दर्ता तथा नवीकरण, अत्यावश्यक कामका प्रक्रिया र आवश्यक कागजात तथा उपभोक्ता समितिको गठन, विनियोजित बजेटको कार्यान्वयन र भुक्तानी तथा फरफारकका बेला आवश्यक कागजातका विषयमा प्रशिक्षण दिइएको थियो । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम सापकोटा, योजना अधिकृत युक्तप्रसाद सुवेदी र शाखा प्रमुख सरस्वती रेग्मीले तालिमको सहजीकरण गर्नुभएको थियो । दुई दिनमा ७० महिला तालिममा सहभागी थिए ।

# चिनियाँ प्रविधिको प्रयोग गर्दै मनाङमा सडक मर्मत

**पोखरापत्र संवाददाता**
**मनाङ, १६ चैत**

गत जेठ र असारमा भएको अविरल वर्षापछि भत्किएको बेँसीसहर-चामे सडक मर्मतको जारी छ । सडक विभागद्वारा पहिलो पटक चिनियाँ प्रविधि प्रयोग गरी सडक ढलान काम भइरहेको छ ।

डुम्रे-बेँसीसहर-चामे सडक योजनाका प्रमुख इन्जिनियर अच्युतविलास पन्तका अनुसार हालका लागि करिब ४०० मिटर सडक ढलान गरिएको र यो प्रविधि परीक्षणको चरणमा छ ।

जिल्लामा यसअघि पनि यो चिनियाँ प्रविधि प्रयोग गरी सडक निर्माण गरिसकिएको छ । यसअघिको नतिजा राम्रो आएकाले अहिले सरकारी स्तरबाट निर्माणको काम भएको उहाँले जानकारी दिनुभयो । "अब यस कार्यको प्राविधिक, आर्थिक लगायतका सम्पूर्ण विवरण सडक विभाग हुँदै मन्त्रालय पुगेपछि यस प्रविधिबाट ठेक्का लगाई काम गर्ने भएको छ," उहाँले भन्नुभयो ।

"सडक बन्ने बित्तिकै गाडी गुडाउन सहज हुने भएको छ, यस प्रविधि मनाङ जस्ता चट्टानी भूगोल भएको क्षेत्रमा सडक ढलानका बेला वैकल्पिक बाटो प्रयोग गर्न नसकिने ठाउँहरूमा एकदम उपयोगी हुने देखिन्छ," नासों गाउँपालिका-१ तालका अन्द्रे गुरुङले भन्नुभयो । "यस प्रविधिबाट सडक ढलान गर्दा पानी कम प्रयोग गरिन्छ, रोलर लगाइन्छ र कम्पयाक्सनपछि अरू सतहमा नटाँसिने भएकाले ढलानपछि हप्तौँ कुर्नुपर्ने बाध्यता हुँदैन," उहाँले भन्नुभयो । सांसद पोल्देन छोपाङ गुरुङले भन्नुभयो, "मनाङको लाइफलाइनका रूपमा रहेको सडकमा नयाँ प्रविधिको प्रयोग गरी फटाफट गरिएको काम अहिलेको आवश्यकता हो ।" जिल्लाको मेरुदण्डको सडकको मुहार फेर्न कार्ययोजनासहित अघि बढेकाले डुम्रे-बेँसीसहर-चामे सडकमा धेरै सुधार भएको र अझै तीव्र गतिमा काम अघि बढाउने योजना रहेको आयोजना प्रमुख पन्तले जानकारी दिनुभयो ।

माथिल्लो मनाङ जाने सडकअन्तर्गतको तलेखु-भ्राताङ भिरमा बम ब्लास्टिङ गरेर सहज रूपमा यातायात सञ्चालन भएको छ । डुम्रे-बेँसीसहर-चामे सडक खण्डको १०७ किमीमध्ये लमजुङको बेँसीसहरदेखि नासों गाउँपालिका-१ खोत्रोसम्मको ३५ किलोमिटर सडक निर्माण भइसकेको छ ।

# स्वास्थ्यकर्मी नहुँदा सेवा प्रभावित

**पोखरापत्र संवाददाता**
**बागलुङ, १६ चैत**

पूर्वाधार सम्पन्न भए पनि जनशक्ति अभावमा सामुदायिक स्वास्थ्य एकाइको सेवा प्रभावित बनेको छ । काठेखोला गाउँपालिका-३ स्थित धम्जा सामुदायिक स्वास्थ्य एकाइ एक सातादेखि कार्यालय सहयोगीका भरमा छ ।

अनमी मुना थापा तालिममा सहभागी हुन गएपछि कार्यालय सहयोगी जमुना भण्डारीले एकाइ कुर्दै आउनुभएको छ । एकाइमा सामान्य बिरामीको पनि जाँच र औषधोपचार हुन नसक्ने स्थिति छ । एकाइ प्रमुख लोकबहादुर भण्डारी दुई महिनाअघि सुत्वा भएर अन्यत्र गएपछि त्यहाँ जनशक्ति अभाव खड्किएको हो । विसं २०७५ मा खुलेको एकाइले स्वास्थ्य चौकी सरहकै सेवा दिँदै आएको थियो । स्वास्थ्यकर्मी नै नभएपछि प्रसूति जाँच, खोप लगायतका सेवा पनि रोकिएका छन् । आएका बिरामीलाई सोही वडाको देउरालीमा रहेको स्वास्थ्य चौकीमा पठाउने गरिएको वडाध्यक्ष एवं एकाइ व्यवस्थापन समितिका अध्यक्ष यामबहादुर श्रीसले बताउनुभयो ।

"एकाइ प्रमुखको सरुवापछि सेवा प्रभावित भएको छ, अब चुनावअघि जनशक्ति व्यवस्थापन हुन नसक्ने देखिएको छ", अध्यक्ष श्रीसले भन्नुभयो, "भइरहेका स्वास्थ्यकर्मी र कर्मचारीबाट सक्दो सेवा दिन्छौँ ।" उहाँले जनशक्ति व्यवस्थापनका लागि गाउँपालिकामा कुरा राखेको बताउनुभयो । एकाइ व्यवस्थापन र स्वास्थ्यकर्मी/कर्मचारीकोखटनपटन गाउँपालिकाले नै गर्दै आएको छ । यसअघि सेवामा रहनुभएका एकाइ प्रमुख भण्डारीलाई भने देउरालीस्थित स्वास्थ्य चौकीकै दरबन्दीबाट काजमा ल्याइएको थियो । भवनलगायत अरू पूर्वाधारका हिसाबले भने उक्त एकाइ स्वास्थ्य चौकीभन्दा कम छैन । प्रदेश सरकारको झन्डै डेढ करोडको लागतमा सो भवन बनेको थियो ।

सोही भवनको माथिल्लो तलामा अहिले वडा कार्यालयका लागि संरचना बनिरहेको छ । एकाइले एम्बुलेन्स सेवासमेत दिइरहेको अध्यक्ष श्रीसले बताउनुभयो । एकाइमा रहेको कोषबाट उपचारमा अर्थाभाव हुने परिवारलाई बिनाब्याज रु २५ हजारसम्म ऋण दिने गरिएको छ । अति विपन्न परिवारका बिरामीलाई अवस्था हेरेर आर्थिक सहायता पनि दिने गरिएको छ । एकाइबाट दिगो र प्रभावकारी रूपमा सेवा दिन जनशक्ति व्यवस्थापन नै मुख्य चुनौतीका रूपमा देखिएको छ ।

सोही कारण प्रसूति सेवा सञ्चालन गर्न नसकिएको अध्यक्ष श्रीसले बताउनुभयो । गाउँपालिकाका जनस्वास्थ्य अधिकृत रामचन्द्र लामाले स्वास्थ्य एकाइमा दरबन्दी नहुँदा समस्या निम्तिएको बताउनुभयो । "एकाइ खोल्दा एकजना अहेब, अनमी र कार्यालय सहयोगीको दरबन्दी आउँछ भनियो तर अहिलेसम्म माथिबाट आएको छैन," उहाँले भन्नुभयो, "अब चुनावपछि करारमै भए पनि जनशक्ति व्यवस्थापन गर्छौं ।" अधिकृत लामाले वडा नं ७ रेशको सामुदायिक स्वास्थ्य एकाइमा पनि जनशक्ति अपुग रहेको उल्लेख गर्नुभयो । गाउँपालिकाले वडा नं ५ बिहुँ र वडा नं ४ तङ्ग्रामको फापरखेतमा पनि एकाइ स्थापनाका लागि पहल अघि बढाएको छ ।

भौगोलिक विकटताले स्वास्थ्य चौकी टाढा भएका ठाउँमा सरकारले यस्ता एकाइ खोल्ने गरेको छ । एकाइले न्यूनतम पनि ७० थरीका औषधि निःशुल्क उपलब्ध गराउनुपर्ने व्यवस्था छ । जिल्लाको हुग्दीशिर, दर्लिङ, निसी, पैंयूपाटा, जैदी, बोबाङको ढोरपाटन, ग्वालिचौर, अमरभूमि, खुङ्खानी, नर्जाखानी लगायतका ठाउँमा एकाइ सञ्चालनमा छन् ।

# लोपहुँदै मगर समुदायको खाम भाषा: भेटिएको लिपि पनि पहिचान हुन सकेन

-धुवसागर शर्मा
म्याग्दी, १६ चैत (रासस)

मगर समुदायको बाक्लो बसोबास भएको जिल्लामा पनि खाम भाषा लोप हुँदै गएको छ । खाम भाषाको संरक्षणको अभाव तथा पछिल्लो समयमा मगर समुदायका युवा पुस्ताले परम्परागत खाम भाषा कम बोल्ने गरेका कारण यो भाषा क्रमशः लोप हुँदै गएको हो ।

धौलागिरि क्षेत्रका म्याग्दी, बागलुङ र पर्वत जिल्लामा मगर समुदायको बाक्लो उपस्थिति रहेको छ । यी जिल्लामा मगर समुदायको बाक्लो उपस्थिति भएपनि आफ्नो मौलिक भाषा र संस्कृतिको प्रवर्द्धनमा उनीहरू गम्भीर नहुँदा खाम भाषा नै सङ्कटमा पर्न गएको बताइएको छ ।

यो भाषा बोल्ने ज्येष्ठ नागरिकको मृत्यु हुँदै गएको र नयाँ पुस्तामा यो भाषा स्थानान्तरण नहुँदा लोप हुँदै गएको मगर समुदायका अगुवा बताउँछन् । म्याग्दीका अधिकांश मगर समुदायका व्यक्तिले अलिअलि मगर ढुँट बोल्ने र बुझ्ने भए पनि पुर्ख्यौली खाम भाषा भने लिपिको अभावमा बोल्न र बुझ्न नसकिएको उनीहरूको भनाइ छ । मगर समुदायका तीन वटा भाषिका (भाषा) छन् । गुल्मी जिल्लाको रिडी पश्चिम भाग दाङ हुँदै कर्णाली प्रदेशसम्म बोलिने १८ मगरातको भाषा खाम भाषिका खलकको हो भने रिडीको पूर्वी भागमा बोलिने १२ मगरातको मैढुँट भाषिका हो । त्यसैगरी सुदूरपश्चिम क्षेत्रमा बोलिने (काईकेल) भाषा मगर समुदायका प्रमुख भाषिका हुन् । मगर समुदायका यी तीनवटै भाषा (भाषिका) बोल्ने मानिसको सङ्ख्या अत्यन्त कम रहेको नेपाल मगर सङ्घ म्याग्दीकी अध्यक्ष डकमाया पाइजाले बताउनुभयो । उहाँका अनुसार सो समुदायका ज्येष्ठ नागरिकमा भाषाको ज्ञान भए पनि युवा पुस्ताले यसमा चासो नदिँदा समस्या देखिएको हो । लिपीको अभावमा युवा पुस्ताले खाम भाषा सिक्न ध्यान नदिँदा अहिले सो भाषा नै गाउँ समाजबाट पूरै लोप हुने अवस्थामा पुगेको मगर समुदायका अगुवा बताउँछन् । परम्परा बचाउन भाषाको ठूलो काम हुने भन्दै पछिल्लो समय मगर समुदायको कलासंस्कृति, वेषभूषा पनि कतै हराउँछ की भन्ने प्रश्न उब्जिएको देखिन्छ ।

मगर महिलाले लगाउने गुन्यू, चोलो, पुरुषले लगाउने पहिरन मेला महोत्सव र चाडपर्वमा मात्र सीमित भएको स्थानीयवासी देउसरा पुनले बताउनुभयो । पछिल्लो समय आधुनिकताले गर्दा मगर समुदायका संस्कार संस्कृति विस्तारै हराउन थालेका छन् । म्याग्दीमा विभिन्न क्षेत्रका मगर समुदायले बोलिने खाम भाषा नेपाली तथा खस भाषाको चेपुवामा परेका कारण लोपोन्मुख अवस्थामा पुगेको भन्दै उहाँले त्यसको संरक्षणमा राज्यले ध्यान दिनुपर्ने बताउनुभयो ।

नयाँ पुस्ताले अध्ययन र रोजगारीका लागि देशका विभिन्न सहरलगायत विदेशिने गरेका छन् । त्यहाँबाट आफ्नो गाउँघर फर्किएपछि उनीहरू नेपाली भाषामै कुराकानी गर्न रुचाउने हुँदा खाम भाषा सङ्कटमा पर्दै गइरहेको मगर भाषाका अध्येता इन्द्रबहादुर आलेले बताउनुभयो । विद्यालयमा हुने पठनपाठनदेखि सबै सरकारी कामकाजसमेत नेपाली भाषामा हुँदा खाम भाषा सङ्कटमा पर्दै गइरहेको आलेको भनाइ छ । अठार मगरातअन्तर्गत बोलिने यो भाषा म्याग्दी र बागलुङका विभिन्न ठाउँमा बोल्ने गरिन्थ्यो ।

राज्यको प्रष्ट नीति नहुँदा पुर्खौंदेखि बोलिँदै आएको खाम भाषा र मगर संस्कृति सङ्कटमा पर्दै गएकाले त्यसको संरक्षणका लागि स्थानीय सरकारले ध्यान दिनुपर्ने मगर समुदायका अगुवाले बताएका छन् । यहाँका स्थानीय तहले मगर भाषाको संरक्षण गर्न र नयाँ पुस्तालाई प्रशिक्षण प्रदान गर्नका लागि गुरुयोजना बनाउनुपर्ने आवश्यकता देखिएको मगर भाषाका अध्येता आलेले बताउनुभयो । "यस क्षेत्रमा मगर समुदायको बाक्लो बसोबास छ तर यहाँका अधिकांश मगर समुदायमा मगर संस्कृति छैन, मौलिक भाषाका बारेमा पनि ज्ञान छैन, सीमित केही व्यक्तिबाहेक अरु मगर भाषा बोल्न जान्दैनन्", उहाँले भन्नुभयो, "मगर भाषा र संस्कृतिको संरक्षणका लागि स्थानीय सरकारले पहलकदमी लिने अपेक्षा गरेका छौँ ।" मगर भाषा र संस्कृतिको संरक्षणका लागि सबै मगर समुदाय जागरुक हुनुपर्ने उहाँको भनाइ छ ।

*पहरामा भेटियो लिपि, पहिचान हुन सकेन*

लिपिको अभावमा लोप हुँदै गएको खाम भाषा (भाषिका) को अक्षर संरचनाको बारेमा ज्ञान नहुँदा चिमखोला, राम्चे, काफलडाँडालगायत ठाउँमा भेटिएका लिपिको अध्ययन हुन नसकेको नेपाल मगर सङ्घ म्याग्दीले जनाएको छ । नेपाल मगर सङ्घ म्याग्दीकी अध्यक्ष डकमाया पाइजाका अनुसार काफलडाँडाको भीरको पहरोमा कुदिएको लिपि फेला परेको छ । त्यो लिपि ढुँट भाषाको नभएकाले खाम भाषाको हुनसक्ने अनुमान गरिए पनि अहिलेसम्म पहिचान हुन सकेको छैन ।

अध्यक्ष पाइजाका अनुसार पहरामा भेटिएको लिपिको अनुसन्धानका लागि नेपाल मगर सङ्घको केन्द्रीय समितिमा पठाइएको भए पनि अनुसन्धानकै क्रममा रहेकाले खाम लिपि नै हो भनेर ठोकुवा गर्नसक्ने अवस्था छैन । काफलडाँडाको भीरको पहरोमा भीर मौरीको मह काढ्नेहरूले ठूलाठूला चट्टानमा केही कुदिएको देखे पछि मगर समुदायको अगुवाहरू पराङ (रसी) मा झुण्डिएर ती लिपिको फोटो लिएका थिए ।

त्यसैगरी पुन मगर हरूको कुलदेवताको मन्दिर रहेको राम्चेको नौकुने ढुङ्गामा र उत्तरी म्याग्दीको चिमखोलाको पहरामा पनि पुरानो लिपि भेटिएको बताइएको छ । तर ती लिपिको व्यापकरूपमा अध्ययन र अनुसन्धान भने हुन सकेको छैन । म्याग्दीमा मगर ढुँट भाषाको अध्ययन र अनुसन्धानका लागि निकै प्रयास गरिएको भए पनि खाम भाषाको बारेमा भने मगरसमुदायले खासै पहल गरेको पाईंदैन । ढुँट भाषाको लिपि हुनुका साथै म्याग्दीका विभिन्न विद्यालयमा प्राथमिक तहमा मगर भाषाको अध्ययन गराईंदै आइएको छ । मगरभाषाको लिपि कस्तो हुन्छ र कसरी लेखिन्छ, बोलिन्छ भन्ने कुरा यहाँका केही मगर समुदायका व्यक्तिलाई मात्र थाहा छ ।

# चापापानी सिद्धार्थ सहकारीको रक्तदानमा ३५ युनिट रगत

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

पोखरा महानगरपालिका वडा नं १२ पुरानो धारा स्थित चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थाँले ६५ औं सहकारी दिवसको उपल्क्ष्यमा आयोजना गरेको रक्तदान कार्यक्रममा ३५ युनिट रगत सकंलन भएको छ ।

रक्तदान कार्यक्रममा गण्डकी प्रदेश सरकारका कानुन,संचार तथा प्रदेश सभा मामिला मन्त्री विन्दु कुमार थापाले बुधवार रक्तदाता तथा कार्यक्रम संयोजक दिपक कार्कीलाई ब्लड ब्याग दिएर कार्यक्रम सुरु गरेका थिए । सहकारीले अहिलेको विषम परिस्थितिमा यस्तो पुण्य काम गरेकोमा सहकारीलाई धन्यवाद दिदै थापाले गण्डकी प्रदेश सरकाले अहिले महिलाको स्तन र पाठेघरको मुखको




क्यान्सर उपचारमा ५० हजार सहुलियत दिने गरेको जानकारी गराए । चापापानी सिद्धार्थ बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नरेशबहादुर कार्कीले सहकारीले विभिन्न समयमा सामाजिक उत्तरदायीत्व कार्यहरु गर्दै आएको भने ।

सहकारीका अध्यक्ष नरेश बहादुर कार्कीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा स्वागत सहकारीका सहसचिव तथा कार्यक्रम संयोजक दिपक कार्कीले गरेका थिए । सहकारीका सचिव श्याम प्रसाद साखिले संचालन गरेका थिए । सहकारी व्यवस्थापक करूणा शाहीले सहकारीका सात सिद्वान्त बाचन गरेकी कार्यक्रममा रक्त संचार केन्द्र पोखराले प्राविधिक सहयोग गरेको थियो ।

# जैमिनीका सबै गाउँमा आधारभूत स्वास्थ्य सेवा

पोखरापत्र संवाददाता
बागलुङ, १६ चैत

बागलुङको जैमिनी नगरपालिकाले सबै टोलमा आधारभूत स्वास्थ्य सेवा विस्तार गरेको छ । नगरका केही टोलमा सहरी स्वास्थ्य केन्द्र स्थापना गरेर नगरले सर्वसाधारणको पहुँचमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याएको हो ।

स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका गाउँका लागि स्वास्थ्य सेवा प्रदान गर्ने गरी एकैपटक दुईवटा केन्द्र सञ्चालनमा ल्याइएको शाखाका प्रमुख गोविन्द आचार्यले बताउनुभयो । वडा नम्बर -८ छिस्तीको मर्नास र वडा नं १० राङ्खानीको डाँडाखानीमा स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याइएको आचार्यले जानकारी दिनुभयो । केन्द्र सञ्चालनमा आएसँगै नगरका सबै गाउँमा आधारभूत तहको स्वास्थ्य सेवा पुगेको पुगेको नगरप्रमुख इन्द्रराज पौडेलले बताउनुभयो । जैमिनीमा एक प्राथमिक स्वास्थ्य केन्द्र, आठ वटा स्वास्थ्य चौकी र चार सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा आएका छन् । "हामीले स्थानीय स्रोतबाट एक घण्टाभन्दा टाढाबाट प्राथमिक स्वास्थ्य सेवाका लागि पुग्नुपर्ने ठाउँमा सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा ल्याएका हौँ", आचार्यले भन्नुभयो, "अब कोही पनि सामान्य उपचारको लागि टाढा पुग्नुपर्ने बाध्यता छैन ।" एक स्वास्थ्य सहायक र एक अनमीले सेवा दिने गरी सञ्चालन भएका स्वास्थ्य केन्द्रबाट स्वास्थ्य चौकीमा प्राप्त हुने सबै औषधि उपचार प्रदान गरिने उहाँले बताउनुभयो । "प्रयोगशाला पनि विस्तार हुन्छ, पहिले कर्मचारीको व्यवस्थापन गरेर मात्रै हामी सेवा विस्तारमा लाग्छौँ", उहाँले भन्नुभयो, "नगरको आन्तरिक स्रोतले मात्रै पुर्दैन सङ्घीय सरकारले पनि ध्यान दिनुपर्छ ।"

स्वास्थ्य केन्द्रको उद्घाटन गर्दै नगरप्रमुख इन्द्रराज पौडेलले नजिकैको सरकारले जनताका समस्याको सम्बोधन गर्दै गएको बताउनुभयो । उहाँले शिक्षा, स्वास्थ्य, खानेपानी र सडक जस्ता जनताका आधारभूत आवश्यकता पूरा गर्ने चरणमा रहेको बताउनुभयो ।

राङ्खानी र छिस्तीमा यसअघि स्वास्थ्य चौकी सञ्चालनमा थिए । वडा नं ७ को जैदी र वडा नं ३ को नेपानेमा यसअघि नै सहरी स्वास्थ्य केन्द्र सञ्चालनमा थिए ।

# दोस्रो राष्ट्रियसभा अध्यक्ष कप भलिबल प्रतियोगिता सुरु

पोखरापत्र संवाददाता
पर्वत, १६ चैत (रासस)

मोदी गाउँपालिका-८ चित्रेमा राष्ट्रियसभा अध्यक्ष कप भलिबल प्रयोगिता सुरु भएको छ । प्रतियोगिताको आज राष्ट्रियसभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले उद्घाटन गर्नुभएको छ ।

गत वर्षदेखि राष्ट्रियसभा अध्यक्ष कप भलिबल प्रतियोगिता सुरु गरिएको हो । गत वर्ष अध्यक्ष तिमिल्सिनाकै जन्मगाउँ मोदी-८ राम्जादेउरालीमा सञ्चालन गरिएको थियो । यसवर्ष छिमेकी वडा चित्रेमा आयोजना गरिएको हो । सो अवसरमा अध्यक्ष तिमिल्सिनाले स्वास्थ्यका लागि खेलकूद अपरिहार्य आवश्यकता रहेको बताउनुभयो । उहाँले खेल क्षेत्रको विकासबाट पनि मुलुकको आर्थिक समृद्धि गर्न सकिने जनाउँदै यस्ता प्रतियोगिताले ग्रामीण क्षेत्रका खेलाडीको अनुभव र क्षमताको विकास हुने बताउनुभयो ।

अध्यक्ष तिमिल्सिनले सरकारले सबै स्थानीय तहमा व्यवस्थित खेल मैदान विस्तार गरी खेलकूदसम्बन्धी प्रशिक्षण सञ्चालन गर्न सकेमा नेपाली खेलाडीले पनि बाह्य मुलुकमा पुगेर सफलता हासिल गर्नसक्ने बताउनुभयो । गाउँपालिकाको आयोजनामा दोस्रोपटक राष्ट्रियसभा अध्यक्ष कप भलिबल प्रतियोगिता आयोजना गरिएको हो । आजदेखि यही चैत २० गतेसम्म सञ्चालन हुने वडास्तरीय भलिबल प्रतियोगितामा १० टोलीको सहभागिता रहेको छ । लिग कम नक आउटका आधारमा खेलाइने खेलमा प्रथम हुनेले रु एक लाख ५१ हजार १११, द्वितीय हुनेले रु एक लाख एक हजार १११ र तृतीय हुनेले रु ५१ हजार १११ पुरस्कार र कप, मेडल तथा प्रमाणपत्र प्राप्त गर्ने गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत किसानबहादुर क्षेत्रीले जानकारी दिनुभयो ।

सो अवसरमा रत्यौलीप्रतियोगितासमेतआयोजना गरिएको छ भने डोरी तान्ने प्रतियोगिता, छेलो फाल्ने प्रतियोगितासमेत आयोजना गरिएको छ । दुवै प्रतियोगितामा प्रथम हुनेले रु १५ हजार राशिको पुरस्कार पाउने भएका छन् ।

# लमजुङमा महिला मतदाता बढी

पोखरापत्र संवाददाता
लमजुङ, १६ चैत

आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि जिल्लामा एक लाख ३१ हजार ४९४ मतदाताले भोट हाल्ने भएका छन् ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार तीमध्ये ६४ हजार ४१ पुरुष र ६७ हजार ४५३ महिला मतदाता रहेका छन् । जिल्लाका आठ स्थानीय तहमध्ये क्होलोसोथार गाउँपालिकामा नौ हजार २९, दूधपोखरीमा आठ हजार ८८८, दोर्दी गाउँपालिकामा १५ हजार ८४, बेँसीशहर नगरपालिकामा २६ हजार २०७ जना मतदाता छन् ।

मध्यनेपाल नगरपालिकामा २० हजार ९२, मर्स्याङ्दी गाउँपालिकामा १५ हजार १४०, राइनास नगरपालिकामा १५ हजार ९८९ र सुन्दरबजार नगरपालिकामा २० हजार ७९६ जना मतदाता छन् । जिल्लामा १२३ मतदानस्थल र १८२ मतदात केन्द्र छन् । निर्वाचन कार्यालयले लमजुङका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत तोकेको छ । आयोगले लमजुङको मुख्य निर्वाचन अधिकृतमा जिल्ला न्यायाधीश शिवप्रसाद खनाललाई तोकेको छ ।

जिल्ला निर्वाचन कार्यालय लमजुङका प्रमुख निर्वाचन अधिकृत सिर्जना मिश्रका अनुसार विसं २०७४ वैशाख ३१ गते भएको निर्वाचनमा जिल्लामा कूल एक लाख ५ हजार ९९२ मतदाता थिए । विसं २०७७ पुस ५ गते प्रकाशित नामावली एक लाख २२ हजार ८०६ थियो ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. १६ नित्यानन्द मार्गबाट सुन्दर मार्ग पोखरा एकेडेमी जाने सडक निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको ब्यहोरा सरोकारवालाहरुका जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**योजनाको नाम: नित्यानन्द मार्गबाट सुन्दर मार्ग पोखरा एकेडेमी जाने बाटो निर्माण**

**स्थान: पोखरा-१६ कास्की**

**योजना सम्झौता मिति : २०७८/०९/२९ गते**

**योजना सुरु मिति: २०७८/१०/०१ गते**

**योजना सम्पन्न मिति : २०७८/११/२२ गते**

**योजनाको कुल लागत : रु. ७१८४६०/०३**

**वार्ड स्तरीय बजेट रकम : रु.६,००,०००/-**

**जनश्रमदान बाट : रु.१९९४८०/०३**

**उपभोक्ता समिति अध्यक्ष: प्रकाश अधिकारी**

**उपाध्यक्ष: हरिराम घिमिरे सचिव: लक्ष्मी तिमिल्सिना**

**कोषाध्यक्ष: नन्दलाल भट्टराई**

**नित्यानन्द मार्गबाट सुन्दर मार्ग पोखरा एकेडेमी जाने सडक निर्माण उपभोक्ता समिति पोखरा-१६**

# मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँका कृषकलाई उपकरण

पोखरापत्र संवाददाता
तनहुँ, १६ चैत

मुख्यमन्त्री जलवायुमैत्री नमूना कृषि गाउँका कृषकलाई कृषि उपकरण वितरण गरिएको छ ।

तनहुँको शुक्लागण्डकी नगरपालिका-१२ लिलाचोक र भाटडाँडाका कृषकलाई गण्डकी प्रदेश सरकारको सहयोगमा कृषि उपकरण वितरण गरिएको हो । प्रदेश सरकारको ८५ प्रतिशत अनुदान र कृषकको १५ प्रतिशत लगानीमा हाते ट्र्याक्टर वितरण गरिएको वडाध्यक्ष मनराज गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार चार कृषकलाई हाते ट्र्याक्टर वितरण गरिएको छ । हाते ट्र्याक्टर पाउनेमा टेकनारायण कोइराला, कुमार परियार, कृष्णबहादुर गुरुङ र गुनबहादुर गुरुङ रहनुभएको छ ।

यसैगरी भकारो सुधार कार्यक्रममार्फत् राजु नेपाली, चेतबहदुर नेपाली, प्रकाश परियार, रिना भुजेल, कृष्णप्रसाद कोइराला, चन्द्रबहादुर हमाललाई सहयोग गरिएको छ । प्लाष्टिक टनेल निर्माणका लागि नवराज गौतम, तुमबहदुर गुरुङ, शान्तामाया थापा, बालकुमारी श्रेष्ठ, तिलबहादुर श्रेष्ठलाई सहयोग गरिएको छ । गण्डकी प्रदेशसभा सदस्य एवं पूर्वमन्त्री आशा कोइरालाले कृषि उपकरण वितरण गर्दै निर्वाहमुखी कृषिलाई व्यावसायिक बनाउन सरकारले यो कार्यक्रम सञ्चालन गरेको बताउनुभयो । निर्वाहमुखी कृषि पेशा गर्दै आएका कृषकलाई व्यावसायिक बनाउँदै नमूना गाउँ बनाउने लक्ष्यसहित प्रदेश सरकारले विसं २०७५ चैत १० गतेदेखि प्रदेशभर यो कार्यक्रम लागू भएको घोषणा गरेको थियो ।

# आठ महिनादेखि चिकित्सकले तलबभत्ता पाएनन्

पोखरापत्र संवाददाता
दमौली, १६ चैत

दमौली अस्पतालमा कार्यरत चिकित्सकले आठ महिनादेखि तलबभत्ता पाउन सकेका छैनन् । अस्पतालमा करार सेवामा कार्यरत चिकित्सकले चालु आर्थिक वर्षको साउनदेखि फागुन महिनासम्म तलब भत्ता पाउन नसकेका हुन् । तलबभत्ता नपाएको विषयमा चिकित्सकले यस अगाडि पनि पटकपटक अस्पताल व्यवस्थापन समितिको ध्यानाकर्षण गराए पनि चिकित्सकको तलबभत्ता भुक्तानी भएको छैन । नेपाल सरकारको छात्रवृत्तिअन्तर्गत करार सेवामा स्वास्थ्य सेवा विभागबाट कामकाज गर्न खटाई पठाइएका मेडिकल अधिकृत, नर्सिङ अधिकृतको तलबभत्ता भुक्तानी हुन् नसकेको र दमौली अस्पताल व्यवस्थापन समितिको आन्तरिक कोषबाट पनि तलब खुवाउन नसकेको हुँदा दैनिक कार्य गर्न कठिनाई भएको चिकित्सकले जनाएको छ ।

चिकित्सकले आज स्वास्थ्य सेवा विभागलाई ज्ञापनपत्र पठाई तलबभत्ताको आवश्यक व्यवस्था मिलाउन माग गरेका छन् ।

अस्पतालमा कार्यरत डा राजु रानामगर, डा आस्था रेग्मी, डा सिन्चन पाण्डे, डा पूजा सैजु, डा कृष्ण गिरी, डा सज्जिव भण्डारी, डा सुनयन सुवेदी, डा सुशील विक, डा प्रशन्न कार्की, सिर्जना आले (नर्सिङ अधिकृत), सम्झना श्रेष्ठ (नर्सिङ अधिकृत), डा सुप्रिया श्रेष्ठ र डा अभिनन्दन तिवारीले सामूहिकरूपमा स्वास्थ्य सेवा विभागलाई ज्ञापनपत्र बुझाएका छन् ।